
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १५ गते मंगलबार ❑ 31 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेश प्रमुख भट्ट समक्ष अख्तियारको प्रतिवेदन पेश

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष अख्तियार दुरूपयोग अनुसन्धान आयोग पोखराले आर्थिक वर्ष ०८०/८१ को ३४ औं वार्षिक प्रतिवेदन पेस गरेको छ।

संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था बमोजिम आयोगका पोखरा कार्यालय प्रमुख अस्मान तामाङले सोमबार ६ परिच्छेद र ५२४ पृष्ठ रहेको प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस गर्नुभयो । प्रदेश प्रमुख भट्टले आर्थिक अनियमितता, भ्रष्टाचार नियन्त्रणको काम चुनौतीपूर्ण रहेको बताउनुहुँदै मुलुकमा सुशासन स्थापना गर्न, लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउन र प्रणाली बसाउन अख्तियार क्रियाशील रहेकोमा खुशी व्यक्त गर्नुभयो।

मुलुकको विकासको वाधक नै भ्रष्टाचार भएकाले यसलाई निर्मूल पार्न सामान्य व्यक्तिदेखि राज्यको उपल्लो ओहदामा बसेका



पदाधिकारीसम्मले नैतिक आचरण सुधार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यालय प्रमुख तामाङले आयोगले नेपालको संविधानले व्यवस्था गरे बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा प्राप्त उजुरीको प्रारम्भिक छानविन एवं विस्तृत अनुसन्धान गर्ने, भ्रष्टाचार देखिएका उजुरीउपर विशेष अदालतमा आरोपपत्र दायर गर्ने तथा विशेष अदालतबाट भएको फैसला उपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने कार्य सम्पादन भइरहेको जानकारी गराउनुभयो।

आयोग पोखरा प्रमुख तामाङले आर्थिक वर्ष २०८०/८१ मा आयोगमा २६ हजार ९ सय १८ उजुरीहरु प्राप्त भएको जानकारी गराउँदै अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ९ हजार २ सय ६८ गरी कूल ३६ हजार १ सय ८६ कारबाही गर्नुपर्ने संख्या रहेको जानकारी दिनुभयो। यसमध्ये ७६.५९ प्रतिशत उजुरी स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएको बताउनुभयो । आयोगको पोखरा कार्यालयबाट गत वर्ष १ हजार ३ सय १५ उजुरी प्राप्त भएकोमध्ये अघिल्लो वर्षको ४ सय ५५ सहित १ हजार ७ सय ७० उजुरी रहेकोमा १ हजार ६ सय १५ अर्थात् ९१.०२ प्रतिशत उजुरी फछ्र्यौट भएको जानकारी दिनुभयो । देशभरको तुलनामा प्रदेशगत हिसाबमा गण्डकीमा उजुरी संख्या सबैभन्दा कम भएपनि स्थानीय तहमध्ये सबैभन्दा बढी पोखरा महानगरपालिकामै परेको तामाङले बताउनुभयो।

आयोगको केन्द्रीय कार्यालय टंगाल काठमाडौं एवं मातहतका आठ वटा कार्यालयहरूबाट आयोगका कार्यहरू सम्पादन हुँदै आइरहेका छन्। ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ । हाल आयोगमा कुल ९९० कर्मचारीको दरबन्दी रहेको कार्यालयले जनाएको छ।

## नागरिकलाई हवाई यात्रामा सास्ती नहोस् : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले चाडवाड र विपद्का बेला नागरिकलाई सहज सेवा दिन पोखरामा सञ्चालित एअरलाइन्स कम्पनीहरुलाई निर्देशन दिएका छन।

पोखराबाट काठमाण्डौको भाडा बढाएको, हवाई यात्रामा सास्ती भोग्नुपरेको नागरिकको गुनासोपछि मुख्यमन्त्री पाण्डेले पोखराबाट सेवा संचालन गर्ने एअरलाइन्स र नागरिक उड्डयन प्राधिकरणको प्रतिनिधिलाई सहज सेवा दिन आग्रह गरेका हुन् । 'चाडपर्वको समय छ, अहिले विपद्का कारण राजमार्ग अवरुद्ध छन् यस्तो समयमा सेवा सरल, सहज र सहुलियत बनाउनुपर्छ' मुख्यमन्त्री पाण्डेले भने 'यो संवेदनशील हुने बेला हो, मौका छोप्ने बेला होईन ।' पोखरा सहित गण्डकी प्रदेशको बिभिन्न जिल्लाका मुख्य सडक वर्षापछिको बाढी पहिरोले क्षति पुऱ्याउँदा यातायात आउजाउ सहज छैन । पृथ्वीराजमार्ग ठाउँठाउँमा अवरुद्ध हुँदा काठमाण्डौं-पोखरा हवाई यात्रामा चाप बढेको छ । यात्रुहरुको गुनासो बढेको बताउँदै मुख्यमन्त्री पाण्डेले एअरलाइन्स कम्पनीहरुलाई माथिल्लो तहमा सहजीकरण गरेर तत्काल गुनासो सुनुवाई गर्न सुझाव दिए । ' एअरलाइन्स कम्पनी, नागरिक उड्यन प्राधिकरण, संघीय सरकार मातहतका निकायमा सहजीकरण पनि गरुँला' मुख्यमन्त्री पाण्डेले भने 'तपाईहरुले यहाँबाट आफुले सक्ने सहजिकरण गर्नुहोस् ।' अहिले पोखरा-काठमाण्डौं भाडा पाँच हजार नौ सय सम्म छ। यस अघि चार हजार चार सय थियो। सेवा सहज बनाउनेबारे मुख्यमन्त्री कार्यालयमा सोमवार आयोजित छलफलमा मुख्यमन्त्री पाण्डेले नागरिक उड्डयन प्राधिकरणलाई पनि सेवा सहज बनाउन सहजिकरण गर्न सुझाव दिए । 'चाडपर्वको बेला सकेसम्म फ्लाइट थपेर सेवालाई अझै सहज बनाउनुपर्छ' मुख्यमन्त्री पाण्डेले भने। आईतवार काठमाण्डौंबाट पोखराकालागि उडेको जाहज लामो समय होल्ड गरी राती ११:३० बजे पुन काठमाण्डौं फर्किएको थियो। यस्तो अवस्था आउँदा समयमै यात्रुलाई जानकारी दिन एअरलाईन्सहरुलाई सचेत गराएका थिए । विपद् र चाडपर्वका बेला फ्लाइट थप गर्नुपर्नेमा मर्ज हुने गरेको गुनासो आएको बताउँदै उनले फ्लाइट घटाएर टिकट नबढाउन निर्देशन दिए। विपद्को समयमा सेवा दिँदै आएका कम्पनीहरुलाई नागरिक उड्डयन प्राधिकरणको तर्फबाट हुन सक्ने सहुलियतकालागि पनि ध्यान दिईनुपर्ने बताए। एरलाईन्स कम्पनीहरुले 'सिस्टम कन्ट्रोल' यहाँबाट नहुँने हुँदा यस बारे केन्द्रिय कार्यालयसँग समन्वय गरेर सेवालाई सक्दो सहज बनाउने बताएका छन् । पोखरामा यति, बुद्ध, श्री एरलाईन्सले सेवा दिँदै आएका छन्।

## विपद्मा परी २०९ जनाको मृत्यु, २९ जना अझै बेपत्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

यही असोज १० गतेदेखि १२ गतेसम्म देशका अधिकांश स्थानमा परेको अविरल वर्षाका कारण बाढी, पहिरो र डुबानमा परी मृत्यु हुनेको सङ्ख्या २०९ जना पुगेको छ।

गृहमन्त्रालयका प्रवक्ता, सहसचिव ऋषिराम तिवारीले अन्य २९ जना बेपत्ता र एक सय ४२ जना घाइते भएका जानकारी दिनुभयो। मन्त्रालयले मृतकप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरेको छ।

खोज तथा उद्धारकार्य जारी रही सोमबार नेपाली सेनाको हेलिकप्टरबाट काभ्रेपलाञ्चोक, सिन्धपाल्चोक,सिन्धुली,ललितपुरलगायत स्थानबाट घाइते, विरामी तथा अलपत्र परेका ४२५ जनाको उद्धार गरिएको उहाँले जानकारी दिनुभयो । मन्त्रालयले अवरुद्ध सडक, विद्युत्, टेलिफोनलगायत अत्यावश्यक सेवाहरू शीघ्र सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय भइरहेको तथा खोज र उद्धारकार्यलाई आवश्यकतानुसार सुरक्षा निकायबाट निरन्तरता दिइएको जनाएको छ।

संयुक्त राष्टसङ्घीय निकाय र लजिष्टिक क्लष्टरका साझेदार संस्थासँग बैठक गरी राहत सामग्रीको स्टक लिने र वितरणका लागि नक्साङ्कन गर्ने कार्य भइरहेको तथा सबैखाले राहत सामग्री एकद्वार प्रणालीमार्फत वितरण गरिने उहाँले आज साँझ जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ। मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "सुरक्षा निकाय र सडक विभागसँगको समन्वयमा अवरुद्ध राजमार्ग सूचारु गर्ने, तत्काल सूचारु गर्न नसकिने सडकको हकमा वैकल्पिक मार्ग व्यवस्थापन गरी सवारी आवागमन सहज बनाउने कार्य भइरहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकायबाट विपद् प्रभावितलाई आपतकालीन राहत शीघ्र उपलब्ध गराउने व्यवस्थाका लागि समन्वय गरिएको छ।"

## १६ महिनापछि पक्राउ परेका नगरप्रमुख नेपालीलाई अदालत पेस

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ असोज

बचत रकम अपचलन गरेको आरोपमा पक्राउ परेका ढोरपाटन नगरपालिकाका नगरप्रमुख तथा इमेज बचत तथा ऋण सहकारीका संस्थापक अध्यक्ष देवकुमार नेपालीलाई आज जिल्ला अदालत बागलुङमा पेस गरिएको छ।

१६ महिनादेखि फरार नेपालीलाई केन्द्रीय अनुसन्धान ब्यूरोले शनिबार भारतबाट पक्राउ गरी नेपाल ल्याएको थियो। नेपालीलाई काठमाडौंबाट आइतबार बागलुङ ल्याइएको हो । उहाँलाई म्याद थप गरी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुक्ति समाज गण्डकी प्रदेश कमिटीबाट सरकार समक्ष ज्ञापन पत्र

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

नेपाल उत्पीडित जातीय मुक्ति समाज गण्डकीद्वारा असोज १४ गते पोखरा स्थित गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री सुरेन्द्र पाण्डेसमक्ष १४ बुँदे माग समेटिएको ज्ञापन पत्र बुझाइएको छ।

गण्डकी प्रदेश कमिटी अध्यक्ष निर्मल दियालीले प्रत्यक्ष मागपत्र पढेर सुनाउनु भएको थियो भने मुक्ति समाज केन्द्रीय सचिव गण्डकी प्रदेश इन्चार्ज धन बहादुर नेपालीले दलित अधिकार सम्बन्धी विधेयक मस्यौदा पेश गर्नुभएको थियो।

मुक्ति समाज केन्द्रीय कमिटी अध्यक्ष मनोहर वि पौडेलको आतिथ्यतामा गएको प्रतिनिधि मण्डलबिच अध्यक्ष पौडेलले संविधानमा उत्पीडित दलितका हक अधिकार लेखिए पनि व्यवहारमा लागू नभएको, विभेदका घटनामा न्याय पाउन



नसकेको अवस्था एवं राज्यको विभिन्न तहमा समानुपातिक समावेशीता नभएको प्रष्ट पार्नुभएको थियो । ज्ञापनपत्र ग्रहण गर्दै मुख्यमन्त्री सुरेन्द्र पाण्डेले गण्डकी प्रदेश सरकार दलित अधिकारका लागि दलित अधिकार विधेयक ल्याउन तयारी गरिरहेको र कानून बनाएर अघि बढ्न संकल्प प्रस्ताव अघि सारेको बताउनुभयो।

अहिले पनि समाजमा विभेदजन्य घटना घट्नु सभ्य समाज र लोकतान्त्रिक मुलुकका लागि अशोभनिय भएको र कानुन विपरित हुने विचार व्यक्त गर्नुभयो। ज्ञापनपत्रलाई गण्डकी प्रदेश सरकारले भविष्यमा कार्यान्वयन गर्दै जाने विचार व्यक्त गर्नुभएको थियो। त्यसैगरी सोही टोलीले नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीका अध्यक्ष नवराज शर्मालाई पोखरा न्यूरोडस्थित गण्डकी प्रदेश कार्यालयमा १५ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ।

पार्टी अध्यक्ष शर्माले ध्यानाकर्षण पत्रले पार्टीलाई महत्वपूर्ण सुझाव मिलेको चर्चा गर्दै सबैखाले विभेद विरुद्ध लडाई जित्दै राष्ट्र विकास र समृद्धिमा पुग्ने विचार राख्दै हरेकले मानसिकताबाट विभेदकारी सोच हटाउन जरुरी भएको बताउनुभयो । प्रदेश कमिटीका अध्यक्ष नवराज शर्मा, सचिव धनञ्जय दवाडी, उपसचिव दाम बहादुर वि.क.ले प्रतिनिधिमण्डललाई धन्यवाद व्यक्त गर्नुभएको थियो। ज्ञापनपत्रमा मन्त्रिपरिषद्मा दलित मन्त्री समावेश गरिनुपर्ने, उत्पीडित दलित विद्यार्थीमा सहुलियत, उत्पीडित दलितलाई सिपवान बनाउने र व्यवसायमा आधुनिकीकरण गर्नुपर्ने, शिक्षा,

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विन्ध्यवासिनी मन्दिरमा घटस्थापनादेखि नवदुर्गा महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

धार्मिक एवं पर्यटकीय गन्तव्य विन्ध्यवासिनी मन्दिरमा यस वर्ष पनि विन्ध्यवासिनी नवदुर्गा महोत्सव २०८१ हुने भएको छ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा नेपालीहरुको महान पर्व विजयादशमीको अवसरमा घटस्थापना (असोज १७ गते) देखि नवमीसम्म (असोज २५ गते) सम्म उक्त महोत्सव हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रम मार्फत जानकारी गराइएको हो।

उक्त महोत्सवको उद्घाटनको अवसरमा पोखरामा बृहत शोभा यात्रा निकालिने भएको समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले बताउनु भयो। नेपालका विभिन्न चाडपर्वहरुमा विभिन्न गतिविधि गर्दै आएको समितिले




२०६४ सालदेखि विन्ध्यवासिनी नवदुर्गा महोत्सवलाई निरन्तरता दिँदै आएको उहाँले बताउनु भयो। घटस्थापनाको दिन असोज १७ गते नवदुर्गा शोभायात्रा निकालिनेछ भने दिउँसो देखि ज्ञानमहायज्ञ सुरु हुने भएको छ। शोभायात्रामा नवदुर्गाका ९ रुपमा सिंगारिएका नवकन्यासहितको रथ, झाँकी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल स्काउट, राष्ट्रिय सेवा दल, बटुकहरु, जलकलशसहित मातृशक्ति, विभिन्न आमा समूहहरु, सामाजिक, धार्मिक, जातीय, सांस्कृतिक, बैंक वित्तीय तथा सहकारी, शैक्षिक संघसंस्था, भजन समूह, उद्योग वाणिज्य तथा वस्तुगत संघ लगायत सर्वसाधारणको उपस्थिति हुने भएको सचिव तिर्थ श्रेष्ठले बताउनु भयो। विगतदेखि शक्तिस्थलका रुपमा पुँजिदै आएको हालको विन्ध्यवासिनी मन्दिर आजभन्दा झण्डै अढाइ शताब्दी पुरानो रहेको अनुमान छ। खासमा विन्ध्यवासिनी यस क्षेत्रको शैक्षिक, स्वास्थ्य, प्राशासनिक, सांस्कृतिक गतिविधिको केन्द्रका रूपमा चिनिने गरेको छ।

समिति अर्न्तगत विन्ध्यवासिनी गुरुकुल विद्याश्रम पनि सञ्चालित छ। २०५१ सालमा स्थापित विद्याश्रममा कक्षा ६ देखि १० सम्म निशुल्क आवासीयरुपमा अध्यापन कार्य सञ्चालित छ। अशक्त र ज्येष्ठ नागरिकको लागि लिफ्ट सुविधा समेत छ।

विन्ध्यवासिनी ज्येष्ठ नागरिक मिलन केन्द्रसमेत संचालन भएको छ भने गत बर्ष बर्ष देखि विन्ध्यवासिनी प्राकृतिक चिकित्सालय संचालन हुदै आएको छ। अघिल्ला बर्षको तुलनामा यस बर्ष पनि दैनिक मन्दिरको भेटि तथा दक्षिणा निकै कम संकलन हुने गरेको समितिले दाबी गरेको । अन्य समयमा दैनिक एक लाखसम्म संकलन हुने भेटि हाल ३८/४० हजार मात्र संकलन हुने गरेको बताइन्छ।

# मन्त्री केसीले भने : नयाँ भवन अपाङ्गमैत्री बनाउन ध्यान रहन्छ

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीलाई सात बुँदे माग बुझाएको छ।

सोमबार मन्त्रालयको प्राङ्गणमा भएको भेटमा टोलीले मन्त्री केसीलाई अपाङ्गता भएका व्यक्तिको हकमा गरिनुपर्ने कामबारे विभिन्न सात वटा माग राखेको हो।

प्रदेशभित्र निर्माण हुने भौतिक संरचना अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ अनुरुप निर्माण हुनुपर्ने, अतिआवश्यक सेवा प्रदान गर्ने सरकारी कार्यालय पहुँचयुक्त हुनुपर्ने, नगर तथा प्रदेशस्तरमा पहुँचयुक्त सार्वजनिक यातायात सञ्चालन गर्ने, फुटपाथ, सडकपेटी, जेब्रा क्रसिङजस्ता संरचना अपाङ्गमैत्री बनाउनुपर्ने, सरकारी संरचनाको पहुँच युक्तता परीक्षण गरी सुझावअनुसार पहुँचयुक्त बनाउन, बहिरा अपाङ्गता भइकालाई लाइसेन्स प्रदान गर्न प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा आवश्यक संशोधन गर्न ऐनलाई अपाङ्गमैत्री र समावेशी बनाउन, इन्जिनियर तथा कर्मचारीलाई अपाङ्गतासम्बन्धी बनेका नीति,




ऐनबारे अभिमुखिकरण गराउन माग गरिएको छ।

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन, २०७४ र प्रादेशिक नीतिमा पनि अपाङ्गता भएका व्यक्तिहरुलाई अवरोधमुक्त वातावरण बनाउने भनिएपनि हुन नसकेको उपाध्यक्ष अञ्जना केसीले हस्ताक्षर गरेको पत्रमा उल्लेख छ। महासंघको सचिवालय सदस्य हेम गुरुङले २०६९ सालमा पहुँचयुक्त भौतिक संरचना तथा सेवा निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत भएको तर कार्यान्वयन फितलो रहेको गुनासो गरे। उनले गण्डकी प्रदेशलाई अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँच युक्तता तथा समावेशिता स्थापित गर्न पहल गर्न आग्रह गरे। पत्र बुझेपछि मन्त्री केसीले आफ्नो कार्यकालमा अपाङ्गता भएकाहरुका लागि बनेका नियम-कानुन कार्यान्वयन गर्न, नयाँ बनाउने क्रममा विशेष ध्यान दिने बताए। उनले हाल रहेका सरकारी भवन धेरै पुराना रहेकाले अपाङ्गमैत्री बन्न नसकेकोमा दुःख व्यक्त गरे। 'हाम्रा कार्यालयहरु पुराना र पहिल्यै बनेका छन्। म आफैं तपाईंहरुसँग कार्यकक्षमा नभई यहीँ भेटैं,' मन्त्री केसीले भने, 'बनिसकेका भवनमा केही गर्न सकिने अवस्था रहेछ भने पनि बुझ्छु। अब बन्ने भवनलाई अपाङ्गमैत्री बनाउन ध्यान रहने छ।' मन्त्री केसीले अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा आफ्नो मन्त्रालयले गर्ने काम गर्दा आवश्यक समन्वय गर्ने प्रतिबद्धता जनाए।

# 'एक्याप'को प्रवेश शुल्क अब अनलानबाट तिर्न सकिने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भ्रमण जाने पर्यटकले अबदेखि अनलाइन प्रणालीबाटै प्रवेशाज्ञा (परमिट) लिन पाउने भएका छन्।

विश्व पर्यटन दिवसका अवसर पारेर एक्यापले परमिट लिँदा चाहिने प्रवेश शुल्क अनलाइनबाटै तिर्न मिल्ने व्यवस्था मिलाएको हो। आयोजना प्रमुख डा रविन कडरियाले पर्यटकले राहदानी र मास्टरकार्डमार्फत प्रवेश शुल्क तिरेर अनलाइनबाटै प्रवेशाज्ञा लिनसक्ने बताउनुभयो। "प्रवेशाज्ञाका लागि शुल्क सङ्कलन काउन्टरमा हुने सेवाग्राहीको भीडलाई मध्यनजर गरेर प्रविधिमैत्री सेवा सुरु गरिएको हो, अनलाइन सेवा चौबीस घण्टा नै सञ्चालन रहनेछ", उहाँले भन्नुभयो, "अब प्रवेशाज्ञाका लागि सेवाग्राहीले पालो पर्खनुपर्ने बाध्यता हटेको छ।" यसअघि एक्यापले काठमाडौँको भृकुटीमण्डम, पोखराको ड्यामसाइड,



लमजुङको सिमपानी र मुस्ताङको घाँसामा रहेको काउन्टरबाट प्रवेश शुल्क लिई पर्यटकलाई प्रवेशाज्ञा दिँदै आएको थियो। अब पर्यटकले जुनसुकै ठाउँबाट सहजै अनलाइनमार्फत प्रवेशाज्ञा लिनसक्ने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। अनलाइन सेवाले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमणमा जाने आन्तरिक तथा बाह्य पर्यटकलाई सहजता थपिने उहाँको भनाइ छ। उहाँका अनुसार विदेशबाट पनि पर्यटकले अनलाइन माध्यमबाट उक्त क्षेत्रको प्रवेशाज्ञा लिन सक्ने व्यवस्था मिलाइएको छ।

पदयात्रा पर्यटनका लागि प्रख्यात अन्नपूर्ण संरक्षण क्षेत्रमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक घुमफिरका लागि पुग्ने गर्छन्। यो वर्षको मुख्य पर्यटकीय याम भर्खर सुरु भएकाले त्यस क्षेत्रका गन्तव्यस्थलमा पर्यटकीय गतिविधि बढ्दै गएको पर्यटन व्यवसायी बताउँछन्। असोजदेखि मङ्सिर र चैतदेखि जेठसम्म पदयात्राका लागि उत्तम याम मानिन्छ। पदमार्ग मात्र नभएर मोटरमार्फत पनि सो क्षेत्रको भ्रमणमा जाने पर्यटकको सङ्ख्या उल्लेख्य रहने गर्छ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा यसमा समेटिएका छन्। अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ।

अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङभञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, कागबेनी, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण क्षेत्रमा पर्ने पर्यटकीय गन्तव्यस्थल हुन्।

कास्कीको खुमैडाँडा, कोरी, सिक्लेस, धम्पुस, ताङतिङ, ल्वाङलगायत गाउँ पनि पदयात्राका लागि चिनिएका गन्तव्यस्थल हुन्। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ।

अन्नपूर्ण क्षेत्रमा गत आर्थिक वर्षमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक भित्रिएका थिए। यसमध्ये एसियाली मुलुकका एक लाख १७ हजार आठ सय ४५ र अन्य मुलुकका एक लाख चार हजार दुई सय ५६ पर्यटक थिए। कोभिड महामारीका बेला सुस्ताएको यस क्षेत्रको पर्यटन विस्तारै पुरानै लयतर्फ फर्किएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। आन्तरिकपछि सबैभन्दा बढी भारतीय पर्यटक अन्नपूर्ण क्षेत्रको भ्रमणमा आउने गरेका छन्।

# विद्युत् खम्बामा क्षति हुँदा एक हजार पाँच सय घरधुरी अन्धकारमा

**पोखरापत्र संवाददाता**
दमौली, १४ असोज

बिहीबारदेखि परेको वर्षाका कारण यहाँको बुद्धसिंह मार्गअन्तर्गत नाल्दीमा विद्युत् खम्बामा क्षति पुग्दा दुई स्थानीय तहका एक हजार पाँच सय घरधुरीमा विद्युत् अवरुद्ध भएको छ।

वर्षासँगै आएको पहिरोले व्यास नगरपालिका र बन्दीपुर गाउँपालिकाको सिमाना नाल्दीमा रहेको विद्युत् खम्बामा क्षति पुग्दा देवघाट गाउँपालिका र ऋषिङ गाउँपालिकाका उपभोक्ता अन्धकारमा बस्नुपरेको हो। पहिरोले सडकसमेत अवरुद्ध हुँदा विद्युत् सञ्चालन गर्न कठिनाइ भएको नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्र प्रमुख विजय रेग्मीले जानकारी दिनुभयो।

नाल्दीमा गाडिएको ११ केभी 'डबल सर्किट' ११ मिटरका नौ थान स्टिल विद्युत् खम्बा ढलेर प्रयोग गर्न नसकिने गरी क्षति भएको रेग्मीले बताउनुभयो। बाढीपहिरोले जिल्लाका अन्य ठाउँमा समेत विद्युत् खम्बामा क्षति पुगेको रेग्मीले बताउनुभयो। उहाँका अनुसार भानु नगरपालिकाको शेपाबगैँचा, व्यासनगरपालिकाको छाब्दीबाराही, घाँसीकुवा, कमलाबारी, करङकाठलगायत ठाउँमा पहिरोले विद्युत् खम्बामा क्षति पुगेको छ।

## मुक्ति समाज ...

स्वास्थ्य, राजनैतिक नियुक्तिमा प्राथमिकता दिनुपर्ने लगायतका सवाल समावेश रहेका छन्।

ज्ञापनपत्र बुझाउने प्रतिनिधिमा मुक्ति समाज केन्द्रीय अध्यक्ष मनोहर वि पौडेल, गण्डकी प्रदेश सांसद गोविन्द नेपाली, सांसद नन्दकला नेपाली, मुक्ति समाज केन्द्रीय सचिव धन बहादुर नेपाली, स्थायी समिति सदस्य लाल बहादुर परियार, केन्द्रीय सचिवालय सदस्य प्रेम वि.क. सहित केन्द्रीय सदस्यहरु, केन्द्रीय सल्लाहकारहरु, केन्द्रीय विभाग सदस्यहरु, मुक्ति समाज प्रदेश अध्यक्ष, जिल्ला अध्यक्ष, जनप्रतिनिधिहरु, महानगर अध्यक्ष लगायत मुक्ति समाज कास्कीका अग्रजहरु सहभागी रहनुभएको थियो। मुक्ति समाजका सातवटै प्रदेश कमिटीहरुले प्रदेश सरकार समक्ष ज्ञापन पत्र बुझाउने कार्यक्रम रहेको छ। कोशी प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेश कमिटीले प्रदेश सरकार समक्ष ज्ञापनपत्र बुझाइसकेका छन्।


## १६ महिनापछि ...

आजै बयान लिइने जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी सुनिल शर्मा चिलवालले जानकारी दिनुभयो।

चिलवालका अनुसार उहाँलाई आज जिल्ला अदालत बागलुङ पेस गरिएको छ। नेपालीलाई खोज्न गत माघमा 'रेड कर्नर नोटिस' जारी भएको थियो। नेपाल प्रहरीले भारतस्थित नेपाली दूतावासमार्फत समन्वय गरेर उहाँलाई नेपाल ल्याइएको हो।

सहकारी ठगीमा अध्यक्ष नेपालीसहित सञ्चालक विरुद्ध कास्कीका पाँच सय २४ र बागलुङका एक हजार पाँच सय ४३ बचतकर्ताले गत वर्षको जेठमै उजुरी दिएका थिए। देवकुमार बागलुङ आएसँगै बचतकर्ताले रकम फिर्ता पाउने आशा गरेका छन्। नगरप्रमुख नेपालीले बागलुङ र पोखराका गरी दुई अर्ब ५० करोड बढी बचत रकम अपचलन गरेको आरोप छ।

संस्था दर्ता नं.: ७८०/०७७
'रक्तदान जीवनदान, जीवनदान महादान'
शुभ विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्वको पुनित अवसरमा
आयोजित
१०औं खुल्ला रक्तदान कार्यक्रम-२०८१
मिति: २०८१ असोज १९ गते शनिबार
आयोजक:
स्थान: गौंडाकोमुख, भद्रकाली चोक, पोखरा-१३
श्री बालगोपाल भजन कृतन सेवा समिति

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

**सम्पादकीय**

# सरकारप्रति विश्वास दिलाऊ

सरकारले बाढी, पहिरो र डुवानका कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै तीन दिन राष्ट्रिय शोक घोषणा गरेको छ । भूकम्प पछि ठूलो विपत्ति भएको ठानिएको छ । संयुक्त राष्ट्रसंघको ७९ औं महासभामा भाग लिएर फर्किए लगत्तै सरकारले मानवीय र भौतिक क्षति प्रति गंभिर देखिएको छ । सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारी निवास बालुवाटारमा बसेको बैठकले मंगलबारदेखि ३ दिन राष्ट्रिय शोक घोषणा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिएका छन ।

राष्ट्रिय शोकको समयमा सरकारी कार्यालयहरुको झण्डा आधा झुकाइनेछ तर सार्वजनिक बिदा हुने छैन । सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा १ अर्ब जम्मा गर्ने निर्णय गरेको छ । सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले १ अर्ब सरकारले कोषमा जम्मा गर्ने र उक्त रकम अर्थ मन्त्रालयमार्फत जम्मा गर्ने निर्ण भएको छ। बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सबै सदस्यले एक महिनाको तलब तथा सेवा सुविधा कोषमा जम्मा गर्ने निर्णय पनि भएको छ। विपदका बेला कमाउन खोज्ने प्रबृत्ति हवाई सेवा कम्पनीले देखाएका छन।अप्ठ्यारो परेका बेला सहयोग र छुट दिनुको साटो भाउ बढाउने प्रबृत्ति रोक्न सरकारले कडाइ गर्नुपर्छ ।राज्यको उपस्थिति देखाउने यस्तै बेला हो ।

बैठकले अवरुद्ध भएका सडक तत्काल सञ्चालन गर्नका लागि पहल गर्ने, महंगी तथा कालोबजारी नियन्त्रणमा कडाई गर्ने निर्णय पनि गरेको छ । सरकारका निर्णय कार्यान्वयन नहुने रोग यसपटक पनि देखियो । सरकारको निर्णय कार्यान्वयन भए मात्र जनताले विश्वास गर्नेछन् । सरकारले बाढी पहिरोमा परी ज्यान गुमाएकाको परिवारलाई जनही २ लाख रुपैयाँ राहत दिने निर्णय गरेको छ। मन्त्रीपरिषद् बैठकले कार्यविधि अनुसार उक्त राहत रकम दिने निर्णय भएको छासरकारले दिने रकम चाँडै दिने व्यवस्था आवश्यक छ।

सरकारले भत्किएका पुल, बाटो, बिजुलीको पोल, खानेपानी, सिचाइ लगायतका संरचना बनाउन र घरबारविहीनलाई बस्ने बासका लागि पनि व्यवस्था गर्न अतिआवश्यक छ । जनताले प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने राहत घोषणाको प्रतिक्षामा छन । मंगलबार चार बजे प्रेसमिट गरेर राहतको अरु प्याकेज घोषणा गर्ने पनि निर्णय भएको छा घोषणा संगै जनतामा सरकारले भनेको पूरा गर्छ भन्ने विश्वास दिलाउन सक्नु महत्वपूर्ण छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# 'रुम्सी गाउँः नमूना ठाउँ' घोषणा

**रासस**
दमौली, १४ असोज

ग्रामीण पर्यटन प्रवर्द्धन गर्दै स्थानीयको आम्दानी बढाउने उद्देश्यसहित तनहुँको व्यास नगरपालिका-१४ स्थित रम्सी गाउँलाई नमूना ठाउँ घोषणा गरिएको छ । व्यास नगरपालिकाले गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा यस ठाउँलाई नमूना ठाउँ बनाउनेगरी कार्यक्रम अगाडि बढाएको हो ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत रुम्सी गाउँलाई नमूना ठाउँ घोषणा गरिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । यस ठाउँलाई नमूना बस्तीका रूपमा विकास गर्न गाउँको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरूको संरक्षण गरिने न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, "पर्यटन तथा कृषिका गतिविधिका माध्यमबाट आर्थिक विकासका साथै सामाजिक सद्भाव अभिवृद्धि गर्दै रुम्सीलाई सुन्दर, शान्त, समृद्ध एवं सुरक्षित पर्यटकीय गन्तव्य बनाउने लक्ष्य हो ।" यसका लागि गण्डकी प्रदेश सरकारले रु ६५ लाख सहयोग गरेको छभने नगरपालिकाले रु ३५ लाख लागत साझेदारी गरेको नगरप्रमुख न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, "ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित नवप्रवर्तनीय साझेदारी कार्यक्रम रुम्सीका एक सय नौ घरमा सञ्चालन गरिएको छ । सोही परियोजनाअन्तर्गत होमस्टे पूर्वाधार विकास कार्यक्रमअन्तर्गत २८ घरमा होमस्टे (घरबास) सञ्चालन गरिएको छ ।" रुम्सी गाउँलाई संस्कृति, प्रकृति, सम्पदा र पर्यटकीय गन्तव्यका रूपमा परिचित गराउन नगरपालिका प्रतिबद्ध रहेको भन्दै न्यौपानेले भन्नुभयो, "दमौलीबाट रुम्सीसम्म सडक कालोपत्र गरिनेछ । सडक कालोपत्र भएपश्चात गाउँ र सहर जोडिनेछ ।" दमौलीबाट गाडीमा एक घण्टाको दूरीमा पुगिने रुम्सीका २८ घरधुरीमा होमस्टे सञ्चालन छ। यहाँ आउने पाहुनालाई अर्ग्यानिक खाना, लोकल कुखुरा खुवाइने गरेको होमस्टे सञ्चालक सन्तोष थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "ग्रामीण परिवेश, पारिवारिक वातावरण, स्थानीय परिकार, मौलिक रहनसहन, यहाँको मुख्य आकर्षण हो ।" वडाध्यक्ष काजिमान श्रेष्ठले पछिल्लो समय यस ठाउँ आन्तरिक पर्यटकको गन्तव्यस्थलका रूपमा विकास हुन थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "ग्रामीण परिवेशमा रमाउन चाहनेहरूका लागि यो ठाउँ आनन्दित छ।"

# इन्धनको मूल्य घट्यो

**रासस**
काठमाडौं, १४ असोज

चाडपर्व नजिकिएसँगै इन्धनको मूल्य घटेको छ । नेपाल आयल निगमका अनुसार पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टीतेलको मूल्य घटाइएको हो।

सोमबार राति १२ बजेबाट लागु हुने गरी निगमले पेट्रोलमा रु एक, डिजेलमा रु दुई, हवाई इन्धनमा आन्तरिकमा रु छ तथा बाह्यमा प्रतिहजार लिटरमा रु ४५, मट्टीतेलमा रु दुई घटाइएको जनाएको छ । एलपी ग्याँसको मूल्य भारतबाट नेपाली रु ४१ बढेर आएकामा चाडपर्वलाई लक्षित गरी यथावत राखिएको निगमले जनाएको छ।

# नेपालमा पहिलो पटक आयोजित फ्रेन्चाइज भलिबलमा ललितपुरको जित

**रासस**
काठमाडौं, १४ असोज

नेपालमा पहिलो पटक आयोजना भएको फ्रेन्चाइज एभरेस्ट महिला भलिबल लिग प्रतियोगितामा ललितपुर क्वीन्सले काठमाडौं स्पाइकर्सलाई पराजित गर्दै प्रतियोगितामा विजयको सुखद् सुरुआत गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कर्भडहलमा सोमबार भएको उद्घाटन खेलमा ललितपुरले काठमाडौंलाई ३-१ को सेटमा पराजित गरेको हो । खेलमा पहिलो सेट ललितपुरले काठमाडौंमाथि २५-२० ले जित्यो । खेलको दोस्रो सेट भने काठमाडौंले आफ्नो पक्षमा पाऱ्यो । काठमाडौंले ललितपुरमाथि २५-२१ को जित निकाल्यो । त्यसपछिको खेलमा ललितपुर नै विजयी भयो । ललितपुरले खेलको तेस्रो सेट २५-२१ र चौथो सेट २५-१९ ले आफ्नो पक्षमा पार्दै जित हासिल गऱ्यो ।

इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा नेपाली भलिबल इतिहामै पहिलो पटक आयोजना भएको उक्त प्रतियोगितामा छ फ्रेन्चाइज टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा काठमाडौं स्पाइकर्ससँगै ललितपुर क्वीन्स, मधेस युनाइटेड, चितवन शक्ति, गण्डकी थन्डर्स र टिम कर्णाली छन् । हरेक टोलीमा विदेशी खेलाडीको सहभागिता छ।

सहभागी सबै टोलीले एक अर्कासँग प्रतिस्पर्धा गरेपछि शीर्ष दुई टोली उपाधिका लागि भिड्ने छन् । फाइनल खेल यही असोज १९ गते हुनेछ । उक्त प्रतियोगिताका लागि टिकट दर 'भिआइपी'तर्फ रु एक हजार पाँच सय र साधारणतर्फ रु एक हजार निर्धारण गरिएको छ।


## सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**पहिलो पटक प्रकाशित मिति २०८१/०६/१५ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारवाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | धनजमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | सदस्यता न : ८८३<br>१. **नाम** : **हिरादेबी पोखेल**<br>जन्म मितिः : २०४१/०७/२९<br>ना.प्र.नं : १२९५<br>जारी मितिः : २०५९/०५/१६<br>पति : बिष्णु पोखेल (पाध्य)<br>बाबुः : चेतभक्त पौडेल<br>बाजे/ससुराः : शशिधर<br>ठेगाना साविक : सल्यान ०६ कास्की<br>हाल : अन्नपूर्ण ०४ कास्की<br>सम्पर्क नं. : ९८५६०३०८०७<br><br>**धितो विवरणः** श्री हिरादेबी पोखेलको नाममा रहेको कास्की जिल्ला साविक लाचोक गा.बि.स. वडा नं. २ स्थित कित्ता नं.६४ क्षेत्रफल २-२-२-२ रोपनी, तनहुँ जिल्ला दलभञ्याङ्ग वडा न. ०३ कि. न. ३३ क्षे.१-५-०-० रोपनी |  | १. **नामः** : **सन्ध्या पोखेल**<br>ना.प्र.नं. : ४६-०१-७६-०६४९७<br>जन्म मितिः : २०५९।०२।१८<br>जारी मिति. : २०७६।१०।०३<br>बाबुः : बिष्णु पोखेल (पाध्य)<br>बाजे ससुरा : शशिधर<br>ठेगानाः : अन्नपुर्ण ०४ कास्की<br>हाल : अन्नपुर्ण ०४ कास्की<br><br>**नामः** : **इन्द्रशोभा पौडेल**<br>ना.प्र.नं. : ४६-०१-६९-०१२४४<br>जन्म मितिः : २०२७।११।०१<br>जारी मिति. : २०६९।०६।१५<br>पति : चेतभक्त पौडेल<br>बाबुः : ऋषीराम बराल<br>बाजे ससुरा : ऋषिराम पौडेल<br>ठेगाना साविक : घाचोक ०६ कास्की<br>हाल : पोखरा ११ कास्की<br>सम्पर्क नं. : ९८४६०६४३३७ | <br> |
| २. | सदस्यता न : ८०१<br>१. **नाम** : **लाल बहादुर गुरुङ**<br>जन्म मिति : २०११।०३।०३<br>ना.प्र.नं. : ३४०<br>जारी मितिः : २०३७।०३।०३<br>बाबु । पत्नी : धनराज गुरुङ<br>बाजे/ससुरा : पर्त सि गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८५६०२६६४७<br><br>**धितो विवरण** : लाल बहादुर गुरुङको नाममा मालपोत कार्यलय कास्की र तनँहुमा दर्ता श्रेस्ता कायम रहेको रुपाकोट १ कास्की कि न.२९२३, २९२१<br>क्षेत्रफल ०-३-२-०, ०-२-२-२ रोपनी<br>फराकचौर ५ ख तनँहु कि.न.७१९,<br>क्षेत्रफल १-१२-०-२ रोपनी<br>केशबटार ६ क तनँहु कि.न.३०८,<br>क्षेत्रफल ५-८-०-० रोपनी |  | १. **नाम** : **देउकुमारी गुरुङ**<br>जन्म मिति : २०१५।०४।१२<br>ना.प्र.नं. : ४९०६<br>जारी मितिः : २०४५।०१।०६<br>बाबु । पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८०४१२७२१६<br><br>१. **नाम** : **धन बहादुर गुरुङ**<br>जन्म मिति : २०३७।११।०५<br>ना.प्र.नं. : ५३३७४<br>जारी मितिः : २०५६।०५।०३<br>बाबु । पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८१६६५२९११ | <br> |
| ३. | सदस्यता न : ९८१<br>१. **नाम** : **युवराज चन्द**<br>ना.प्र.नं. : ४२०<br>जारी मितिः : २०३९।०६।०१<br>बाबु : जित बहादुर चन्द<br>बाजे/ससुरा : रुद्र बहादुर चन्द<br>ठेगाना : राईपुर ४ तनहुँ<br>हाल : पोखरा ५ कास्की<br>**धितो बिबरण** : श्री युबराज चन्दको नाममा मालपोत कार्यलय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको थामडांडा १ तनहुँ कित्ता न.१००, १०२ क्षेत्रफल २-९-२-०, ०-५-२-२ |  | १. **नाम** : **धनमाया सेन चन्द**<br>पति : युबराज चन्द<br>बाजे/ससुरा : जित बहादुर चन्द<br>ठेगाना : राईपुर ४ तनहुँ<br>हाल : पोखरा ५ कास्की<br>सम्पर्क नं : ९८४६१८४२५३ |  |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**

प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.

फोनः ०६१-५७३३७५, ५७२२३६

# तनहुँमा दुई सय मेट्रिक टन क्षमताको चिस्यान केन्द्र निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ असोज

म्याग्दे गाउँपालिकाले दुई सय मेट्रिक टन क्षमताको चिस्यान केन्द्र निर्माण गरेको छ। कृषि उपजलाई भण्डारण गर्न सहज बनाउने उद्देश्यले म्याग्दे-३ मा चिस्यान केन्द्र निर्माण गरी सञ्चालनमा ल्याइएको हो।

सुरुमा रु दुई करोड र चालु आर्थिक वर्षमा रु एक करोड २० लाखको लागतमा चिस्यान केन्द्र निर्माण गरिएको हो। यो गाउँपालिकामा विशेषगरी सुन्तला र आलुखेतीका लागि प्रख्यात मानिन्छ। चिस्यान केन्द्र बनेपछि लामो दूरी, महँगो ढुवानी र शुल्क तिर्नबाट छुटकारा पाएपछि कृषक उत्साहित भएको गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो।

"कृषि उपज भण्डारण गर्दा कृषकसँग न्यूनतम शुल्क लिएर प्रोत्साहन गर्न लागिएको छ", उहाँले भन्नुभयो, "गाउँपालिकामा चिस्यान केन्द्र बनेपछि उत्पादन भएका कृषि उपज भण्डारणका लागि पोखरा र चितवन जानुपर्ने बाध्यता हटेको छ।"

ल्यान्डफिल साइट निर्माण

त्यसैगरी, गाउँपालिकाले वडा नं २ स्थित बहपुरमा व्यवस्थित ल्यान्डफिल साइट निर्माण गरिएको छ। सङ्घीय सरकारको रु दुई करोड लगानीमा करिब २४ रोपनी जग्गा खरिद गरी ल्यान्डफिल साइट निर्माण गरिएको हो। बहुवर्षीय योजनाअन्तर्गत पहिलो वर्ष रु एक करोड ४० लाखको लागतमा निर्माण गरिएको हो। उक्त स्थानमा ल्यान्डफिल साइट सञ्चालनमा ल्याएपछि छिमेकी पालिका शुक्लागण्डकी र व्यास नगरपालिकाको फोहरमैलालाई समेत व्यवस्थित गर्न सकिने सो गाउँपालिकाले जनाएको छ।

कुहिने फोहरलाई प्राङ्गारिक मल बनाउने र नकुहिने वस्तुलाई पुनः प्रयोगमा ल्याइने गरी व्यवस्थित गर्न लागिएको हो। गाउँपालिकाले अन्य पालिकासँग सम्झौता गरेर शुल्क लिएर फोहरमैला व्यवस्था गर्न सकिने गाउँपालिकाका उपप्रमुख बालकृष्ण घिमिरेले जानकारी दिनुभयो। उक्त स्थानमा उत्पादन गरेको प्राङ्गारिक मल प्रयोग गरी सोही स्थानमा व्यावसायिक सुन्तलाखेती गर्ने योजनासमेत रहेको उहाँले बताउनुभयो।

# म्याग्दीमा परम्परागत जौँ र उवाको व्यावसायिक खेती

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ असोज

जिल्लाको रघुगङ्गा गाउँपालिका-५ झिँमा परम्परागत बाली जौँ र उवा उत्पादन तथा 'ब्राण्डिङ' परियोजना सुरुआत भएको छ।

गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत झिँमा परम्परागत जौँ र उवा बालीको व्यावसायिक खेतीको विकास र किसानको आयआर्जन वृद्धिमा सहयोग पुर्याउने उद्देश्यले परियोजना लागू भएको हो। प्रदेश सरकारको ७५ प्रतिशत र गाउँपालिकाको २५ प्रतिशत साझेदारीमा रु एक करोड लागतको परियोजना सुरु भएको रघुगङ्गा गाउँपालिका-५ का वडाध्यक्ष मनबहादुर शेरमञ्जाले जानकारी दिनुभयो। "लोप हुँदै गएको परम्परागत जौँ र उवा बालीको संरक्षण गरी विभिन्न खाद्य परिकार बनाएर बजारीकरण गर्ने उद्देश्यले परियोजना सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "जौँ र उवाको उत्पादसँगै किसानलाई गाउँमै आम्दानीको अवसर सिर्जना हुने अपेक्षा गरेका छौँ।" परियोजनामार्फत झिँका दुई सय परिवार लाभान्वित हुनेछन्। तीन सय रोपनी क्षेत्रफल जमिनमा जौँ र उवाखेती गरिने भएको छ। परियोजनामार्फत जौँ र उवा प्रशोधन गरेर कुकिज र बिस्कुट उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने लक्ष्य रहेको गाउँपालिकाका कृषि अधिकृत दीपक सिंहले बताउनुभयो। किसानलाई सूचीकरण गरी परम्परागत जौँ र उवा बालीको महत्वबारे जानकारी गराउने, मिनीटेलर हलो, साना सिँचाइ, कम्बाइन मिल, ब्रस कटर, थ्रेसिङ मेसिन, सुकाउने त्रिपाल, भण्डारण गर्ने मेटलबिन, कुकिज, बिस्कुट बनाउन र पिठोलाई ब्राण्डिङ, प्याकेजिङ गर्न आवश्यक सामग्री उपलब्ध गराइने उहाँले बताउनुभयो। झिँका होटल र होमस्टेमा जौँ र उवाको परिकार बनाउने सीप हस्तान्तरणका लागि तालिम सञ्चालन गर्ने कार्यक्रम बनाइएको छ। जौँ र उवाको पिठोलाई ढिडो र सातुका रूपमा बिक्री गर्ने लक्ष्य रहेको छ। पोषिलो खाद्यान्न जौँ र उवाको पछिल्लो समय खेती घटेको छ। आगामी २०८२ जेठभित्र परियोजना सञ्चालन हुनेछ। जौँ हिन्दू धर्मावलम्बीहरूको र जौँको सातु बौद्ध धर्मावलम्बीहरूको धार्मिककार्यमा अनिवार्य मानिन्छ। जौँको आँटो, पिठोको ढिडो र सातु बनाएर उपभोग गर्न सकिन्छ। उवालाई भुटेर खाजा खाने गरिन्छ। सुक्खा र खडेरी सहने जौँ पहाडी र हिमाली क्षेत्रको मुख्य खाद्यबाली हो। युरोपका देशमा जौँबाट रोटी, पाउरोटी, बियरलगायत बनाउने बताइएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः
वि.सं. २०१७/०५/१८ गते

स्वर्गारोहणः
वि.स. २०८१/०६/०३ गते

**स्व. बद्रि नारायण तझ्या**

हाम्रा यस श्री रमा भगवती सिं गुठी पोखराका क्षेपा रानीपौवा पोखरा-११ निवासी सिं गुठीका सदस्य सीतलु तझ्याका परम पुजनीय पति, छोरा करण तझ्या, छोरीहरु जानकी तझ्या जोशी, कृष्ण तझ्या महर्जन र अनिशा तझ्याका बुबा **बद्रि नारायण तझ्या** को २०८१ आश्विन ३ गते ६४ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएकोमा हामी श्री रमा भगवती सिं गुठी पोखरा परिवार अति मर्माहत भएकाछौँ यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ। साथै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन हार्दिक समवेदना प्रकट गर्दछौँ।

**सम्मर बहादुर श्रेष्ठ**
**नायोः (अध्यक्ष)**

**श्री रमा भगवती सिं गुठी परिवार**
**पोखरा**

# बुद्ध विशाल बजार पोखरामा चाडपर्व विषेश छुट अफर

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

पोखराको महेन्द्रपुलमा रहेको पुरानो सपिङ कम्प्लेक्स बुद्ध विशाल बजारले चाडपर्वलाई लक्षित गरी विशेष छुट योजना ल्याएको छ।

सपिङ गर्ने क्रममा ग्राहकहरूलाई नगद छुट दिने योजना विशाल बजारले ल्याएको हो। एशोसिएसनले शनिबार एक विज्ञप्ति जारी गर्दै २०८१ चाडपर्व विषेश छुट योजना सार्वजनिक गरेको हो।

यही असोज १२ गते शनिबार देखी मंसिर ३० गते आइतबार सम्म सपिङ गर्ने ग्राहकले ५ देखी २५ प्रतिशत सम्म नगद छुट पाउने छन। गत वर्षको चाडपर्वमा यो योजना प्रभावकारी बनेपछि यस वर्ष पनि दशैं, तिहार र छठलाई लक्षित गरी नगद छुटको योजनालाई निरन्तरता दिइएको बुद्ध विशालबजार व्यापारिक एसोसिएसनका अध्यक्ष इन्द्रराज अर्यालले जानकारी दिए। चाडपर्वको अवसर, "उपहार पहिले पहिले नगद ५% देखी २५% सम्म छुट अहिले" नाराका साथ छुट अफर ल्याइएको अर्यालले बताए।

"यो चाडपर्वमा बुद्ध विशालबजार पोखरा भित्र सपिङ गर्नुहोस् र नगद छुट पाउनुहोस् भनेर ग्राहकलाई भनिरहेका छौं,' अर्यालले भने, 'यो योजनाबाट धेरै ग्राहक लाभान्वित हुने हामीहरूले विश्वास लिएका छौ।' यो योजना वडा दशैं देखी छठ पर्व सम्म जारी रहने एसोसिएसनले जनाएको छ।

# अचल सम्पति धितो लिलाम बढबढ गर्ने १५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०६/१५ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिल बमोजिमका सदस्यले अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त रकम नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज एवम् अन्य दै दस्तुर समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले बुझाउनुपर्ने रकम नबुझाई बसेको हुँदा मिति २०८१ भदौ ०५ गते बुधबारको पोखरा पत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने लिलाम बढाबढको सूचना प्रकाशित गरि सम्पूर्ण साँवा, ब्याज साथै अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरि बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिँदा सुरक्षण बापत लेखिदिएको तपशिलमा उल्लेखित धितोमा रहेको सम्पति यो सूचना प्रकाशित मितिले १५ (पन्ध्रौ)दिनभित्र दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले १६औ (सोहौ) दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरि लिन ईच्छुक महानुभावहरुको लागि यो सूचना प्रकाशित गरीएको छ। धितो जमानत दिनुहुने ऋणी तथा ब्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराईन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गर्‍यो भनी कहि कतै उजुरबाजुर गर्न पाइने छैन। साथै सुरक्षण रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४ नियमावली २०७५ एवम् प्रचलित कानुन बमोजीम ब्यक्तीगत धन जमानतकर्त्ताहरुको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको बक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एंव लिलाम डाँक बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरी लिन सकिनेछ।

**तपसिल**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | धनजमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | सदस्यता न : १५५३<br>**नाम : लालकाजी गुरुङ**<br>जन्म मिति : २०३२/०१/१५<br>ना.प्र.नं. : १४२०<br>जारी मितिः : २०४९/०७/३० कास्की<br>बाबु /पत्नी : पदम बहादुर गुरुङ दिपा गुरुङ<br>बाजे/ससुरा : मनिराज गुरुङ<br>ठेगाना : साविक रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६५८५५६५<br><br>**धितो विवरणः** लाल काजी गुरुङको नाममा रहेको कास्की जिल्ला साबिक रुपाकोट वडा न. ०३ स्थित कित्ता न. ७१०८, ७१०६, ७१०४ क्षेत्रफल ०-०-१-१, ४-६-१-०, २-१-२-१ |  | १. **नाम : दिपा गुरुङ**<br>जन्म मिति : २०४५/११/२८<br>ना.प्र.न. : ४६१००१११३३६<br>जारी मिति : २०६७/०२/०२ कास्की<br>बाबु /पति : ओम बहादुर गुरुङ /लालकाजी गुरुङ<br>बाजे/ससुरा : पदम बहादुर गुरुङ<br>ठेगाना : साविक रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६७७१३७८ |  |
| | | | २. **नाम : सिता गुरुङ**<br>जन्म मिति : २०२२/०७/०२<br>नागरिकता न. : ४६०१७३००६३४<br>जारी मिति : २०७३/०१/२१ कास्की<br>पतिको नाम : ओम बहादुर गुरुङ<br>बाजेको नाम : हर्क बहादुर गुरुङ<br>ठेगाना : साबिक पोखरा १८, कास्की<br>हालको ठेगाना : पोखरा १४, कास्की |  |
| | | | ३. **नाम : सुनिल मगर**<br>ना.प्र.न : ४६१००२/१२४१<br>जन्म मिति : २०४८/१२/१५<br>जारी मिति : २०६५/०३/३० कास्की<br>बाबु : लाल बहादुर मगर<br>बाजे : पदम बहादुर मगर<br>ठेगाना : साविक लेखनाथ १, कास्की<br>हाल : पोखरा २९, कास्की<br>सम्पर्क नं. : ९८५६०६६१०७ |  |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि लिनुपर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पत्ती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्ने छ।
८. सूचना प्रकाशित भएको मितिले १६ औं दिन संस्थाको प्रधान कार्यालयमा दिनको ठिक ३:०० बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्ने छ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपालसरकारको दस्तुर रजिष्टेसन दस्तुर सम्पत्ति कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्ने छ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वंमले ब्यर्होर्नु पर्नेछ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुलीनीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलीत कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफूले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घराना बाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पत्ति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**